आज मिति २०७७ साल असौज २८ गते बुधवारको दिन दिउसो १२:०० बजे नलगाड नगरपालिकाका नगर प्रमुख श्री टेक बहादुर रावलज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको वैठक बसी तपसिल बमोजिमको निर्णयहरु गरियो ।

उपस्थिति

| क्र.स. | नाम | पद | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १. | श्री टेक बहादुर रावल | नगर प्रमुख | | |
| २. | श्री बाल कुमारी बस्नेत | नगर उप प्रमुख | | |
| ३. | श्री हिरालाल पुन | वडा नं. १ अध्यक्ष | | |
| ४. | श्री राम कुमार जैसी | वडा नं. २ अध्यक्ष | | |
| ५. | श्री प्रचण्ड वली | वडा नं. ३ अध्यक्ष | | |
| ६. | श्री लक्ष्मी बहादुर रावल | वडा नं. ४ अध्यक्ष | | |
| ७. | श्री केशव प्रसाद शर्मा | वडा नं. ५ अध्यक्ष | | |
| ८. | श्री पूर्ण बहादुर खड्का | वडा नं. ६ अध्यक्ष | | |
| ९. | श्री अर्जुन बहादुर सिंह | वडा नं. ७ अध्यक्ष | | |
| १०. | श्री गोविन्द शाही | वडा नं. ८ अध्यक्ष | | |
| ११. | श्री विष्णु वि.क. | वडा नं. ९ अध्यक्ष | | |
| १२. | श्री भद्र बहादुर ध्यार | वडा नं. १० अध्यक्ष | | |
| १३. | श्री जित बहादुर मल्ल | वडा नं. ११ अध्यक्ष | | |
| १४. | श्री लाल बहादुर खत्री | वडा नं. १२ अध्यक्ष | | |
| १५. | श्री नरेन्द्र शाही | वडा नं. १३ अध्यक्ष | | |
| १६. | श्री राममाया हमाल | नगर का.पा. सदस्य | | |
| १७. | श्री तारादेवि पुन | नगर का.पा. सदस्य | | |
| १८. | श्री गोपी वि.क. | नगर का.पा. सदस्य | | |
| १९. | श्री रुपा कुमारी ध्यार | नगर का.पा. सदस्य | | |
| २०. | श्री काशिराम घर्ति | नगर का.पा. सदस्य | | |
| २१. | श्री तिले बादी | नगर का.पा. सदस्य | | |
| २२. | श्री नर बहादुर नेपाली | नगर का.पा. सदस्य | | |
| २३. | श्री अस्मिता वि.क. | नगर का.पा. सदस्य | | |
| २४. | श्री सुरेन्द्र सिंह | नि.प्र.प्र.अधिकृत | | |

मिति : २०७७।०६।२८ गतेको नगर कार्यपालिकाको वैठकको निर्णय

प्रस्तावहरु

१. वडा दशै तथा तिहारको शुभकामना सम्वन्धमा ।

२. मृतक कर्मचारीको लागि रकम विनियोजन गर्ने सम्वन्धमा ।

३. मृतक कर्मचारीको सेवा सुविधाको लागि संघीय सरकारसँग अनुरोध गर्ने सम्वन्धमा ।

४. अनुदान रकम विनियोजन गर्ने सम्वन्धमा ।

५. एम्वुलेन्स सेवा सञ्चालन निर्देशिका २०७७ को मस्यौदा सम्वन्धमा ।

६. नाईट ड्यूटिमा खटिने स्वास्थ्यकर्मीको नाईट भत्ता सम्वन्धमा ।

७. झोलुंगे पुल आयोजनाको स्थान संसोधन गर्ने सम्वन्धमा ।

८. समपुरक रकम विनियोजन गर्ने सम्वन्धमा ।

९. एम्वुलेन्सको रकम भुक्तानी सम्वन्धमा ।

१०. आन्तरिक राजश्व सुधारको लागि पुरस्कार र दण्ड प्रणाली लागु गर्ने सम्वन्धमा ।

११. प्राथमिक स्वास्थ्य केन्द्रको स्तरवृद्धि तथा स्थापना सम्वन्धमा ।

१२. नगर कार्यपालिका कार्यालयको भवन निर्माण सम्वन्धमा ।

१३. नेपाल जलवायु परिवर्तन नमुना कार्यक्रम कार्यान्वयन सम्वन्धमा ।

१४. मोवाईल खरिद सम्वन्धमा ।

१५. वेड वितरण सम्वन्धमा ।

१६. विद्युत लाईन विस्तार तथा रकम विनियोजन सम्वन्धमा ।

१७. कृषि विकास वैंकको शाखा थपको लागि अनुरोध सम्वन्धमा ।

१८. राहत वितरण कार्यविधि, २०७७ को मस्यौदा सम्वन्धमा ।

१९. प्रयास परियोजना कार्यक्रम सञ्चालनको अनुमति तथा कार्यक्रम स्वीकृत गर्ने सम्वन्धमा ।

नगर कार्यपालिकाको निर्णयहरु

निर्णय नं. १ : हिन्दुहरुको महान चाड वडादशै तथा तिहारको उपलक्ष्यमा सम्पुर्ण नेपालीहरुको सुस्वास्थ्य, दिर्घायु र उत्तरोत्तर प्रगतिको कामना सहित सुभकामना व्यक्त गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. २** : लोकसेवा आयोगको कार्यालय सुर्खेतबाट सिफारिस भई नलगाड नगर कार्यपालिकाको कार्यालय जाजरकोटमा मिति २०७६।१२।११ मा स्थायी नियुक्ति लिएका नलगाड नगरपालिकाको वडा नं. १० मा कार्यरत असिस्टेन्ट सव-ईञ्जिनियर (वडा सचिवको समेत जिम्मेवारी) श्री कविराम रोकाको मिति २०७७।०५।३० गते कार्यालयको कामकाजको सिलशिलामा अल्पायुमै मृत्यु भएकोले यस कार्यालयबाट राहत स्वरुप मृतकको श्रीमती बुढा मगरलाई आकष्मिक कोषबाट एकमुष्ट २,००,०००।० अक्षरुपी दुईलाख उपलव्ध गराउने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. ३** : लोकसेवा आयोगको कार्यालय सुर्खेतबाट सिफारिस भई नलगाड नगर कार्यपालिकाको कार्यालय जाजरकोटबाट मिति २०७६।१२।११ मा असिस्टेन्ट सव-ईञ्जिनियर पदमा स्थायी नियुक्ति लिएका नलगाड नगरपालिकाको वडा नं. १० मा कार्यरत असिस्टेन्ट सव-ईञ्जिनियर (वडा सचिवको समेत जिम्मेवारी) श्री कविराम रोकाको मिति २०७७।०५।३० गते कार्यालयको कामकाजको सिलशिलामा मृत्यु भएको हुँदा आवश्यक सेवा सुविधा उपलव्ध गराउनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत नेपाल सरकारसँग अनुरोध गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. ४** : यस नलगाड नगरपालिकाको पुँजीगत खर्चको अवण्डा रकमबाट तपसिल बमोजिम रकम विनियोजन गर्ने सर्वसम्मत निर्णय गरियो ।

तपसिल

| क्र.स. | योजना तथा कार्यक्रमको नाम | रकम रु. | कैफियत |
|---|---|---|---|
| १. | माउण्टेन टेलिभिजन, नलगाड नगरपालिकाको सूचना, गतिविधि तथा कार्यक्रम प्रशारण | २,४०,०००।० | प्रति महिना ३०,००० दरले ८ महिनाको लागि |
| २. | रेडियो नयाँ नेपाल, आठविसकोट नगरपालिका रुकुम पश्चिम, नलगाड नगरपालिकाको कार्यक्रम तथा गतिविधि प्रशासन | ५०,०००।० | एकमुष्ट बार्षिक क्रियाकलाप सञ्चालन गर्न |
| ३. | श्री जनता प्रा.वि. पीपलचौर नलगाड वडा नं. ४, शैक्षिक गुणस्तर सुधार अनुदान | १,५०,०००।० | शैक्षिक गुणस्तर सुधारको लागि एकमुष्ट अनुदान |
| ४. | अनाथ आमा आश्रम, भेरी न.पा. थाप्ले जाजरकोट | १,००,०००।० | शैक्षिक गुणस्तर सुधारको लागि एकमुष्ट अनुदान |
| ५. | मेशिनरी औजार उपकरण खरिद, प्राथमिक स्वास्थ्य केन्द्र दल्ली जाजरकोट | ७,००,०००।० | स्वास्थ्य संस्थाको गुणस्तर सुधारको लागि एकमुष्ट अनुदान |
| | जम्मा रु. | १२,४०,०००।० | |

**निर्णय नं. ५:** यस नलगाड नगरपालिकाको एम्बुलेन्स सेवा सञ्चालनमा सहज, व्यवस्थित तथा प्रभाकारी बनाउन एम्बुलेन्स सेवा सञ्चालन निर्देशिका, २०७७ को मस्यौदा तयारीको लागि स्वीकृत प्रदान गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. ६:** नलगाड नगर कार्यपालिकाको कार्यालय अर्न्तगत प्राथमिक स्वास्थ्य केन्द्र दल्लीको आकष्मिक सेवालाई निरन्तरता दिई उक्त सेवा सञ्चालनको लागि रात्रिकालिन सेवा सञ्चालनमा खटिने प्रतिदिन ३ जना स्वास्थ्यकर्मी/कर्मचारीलाई मिति २०७७०७०१ गते देखि लागु हुने गरी तपसिल बमोजिम दैनिक नाईट भत्ता उपलव्ध गराउने सर्वसम्मत निर्णय गरियो ।

तपसिल

| क.सं | पदको विवरण | प्रतिदिन भत्ता रु. | कैफियत |
|---|---|---|---|
| १. | एच.ए., स्टाफ नर्श, अ.हे.व., अ.न.मी. सो सरहका स्वास्थ्यकर्मी | ३५०।० | |
| २. | श्रेणीविहिन कर्मचारी | २५०।० | |

**निर्णय नं. ७:** यस नलगाड नगरपालिकाको वडा नं. ४ मा आर्थिक वर्ष २०७७।७८ मा कार्यान्वयनको लागि स्वीकृत भएको भैसीखोर कुसा झोलुंगे पुलको स्थान परिवर्तन गरी नलगाड नगरपालिका वडा नं. ४ को भैसिखोर र वडा नं. २ को कुशा जोड्ने गरि स्थान परिवर्तन गरि कार्यान्वयनको लागि सम्वन्धित निकायमा अनुरोध गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. ८:** कर्णाली प्रदेश सरकार अर्न्तगतका कार्यालयहरुबाट सञ्चालन हुने तपसिलका योजना/कार्यक्रमका लागि पुंजीगत खर्चको समपुरक रकमबाट विनियोजित हुने गरी ३० प्रतिशत लागत साझेदारीमा योजना/कायक्रम कार्यान्वयन गर्ने सर्वसम्मत निर्णय गरियो ।

तपसिल

| क.सं | योजना/कार्यक्रमको नाम | कार्यान्वयन स्थल | साझेदारी रु. | कैफियत |
|---|---|---|---|---|
| १ | तरकारी खेती कार्यक्रम, नलगाड नगरपालिका | वडा नं. ५ | ३,००,००० | |
| २ | पशुपालन कार्यक्रम, नलगाड नगरपालिका | वडा नं. १० | ६,००,००० | |

**निर्णय नं. ९ :** यस नलगाड नगरपालिका अर्न्तगत प्राथमिक स्वास्थ्य केन्द्र दल्लीको लागि एम्बुलेन्स खरिद भएकोमा प्रथम किस्ता वापतको पेश्की रकम रु. ५,२०,०००।० आर्थिक वर्ष २०७६।७७ मा

अग्निकर्पोरेट पानीपोखरी काठमाण्डौलाई भुक्तानी भएकोमा अन्तिम किस्ता वापतको रकम रु. ५,२१,८८७० अग्निकर्पोरेट पानीपोखरी काठमाण्डौलाई भुक्तानी गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. १०:** यस नलगाड नगरपालिका र अर्न्तगतका निकायहरुको राजश्व असुल सम्वन्धि कार्यहरुमा सुधार गर्न तोकिएको लक्ष्यभन्दा बढी राजश्व असुल गर्ने निकायहरुको लागि तोकिएको लक्ष्यभन्दा बढी असुल भएको राजश्वको १० प्रतिशत रकम सम्मान सहित सम्वन्धित जिम्मेवार निकाय तथा व्यक्तिलाई प्रदान गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. ११:** नलगाड नगरपालिका अर्न्तगत प्राथमिक स्वास्थ्य केन्द्रलाई स्तरवृद्धि गरि स्थापना हुने १५ शैयाको अस्पताल नलगाड नगरपालिका वडा नं. ७ मा स्थापना गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. १२:** नलगाड नगर कार्यपालिका कार्यालयको प्रशासकीय भवनको भुईतल्लाको फिनिसिंग कार्य उपभोक्ता समितिबाट गर्ने साथै उक्त भुईतल्लाको फिनिसिंगको लागि प्रदेश सरकारबाट विनियोजित भएको ठेक्का आव्हानबाट बचत भएको रकम र स्थानीय तहबाट विनियोजन भएको तपर्सिल बमोजिम रकमको साझेदारीबाट निर्माण गर्ने सर्वसम्मत निर्णय गरियो ।

तपसिल

| क.सं | साझेदारी गर्ने निकाय | आयोजनाको नाम | साझेदारी रु. | कैफियत |
|---|---|---|---|---|
| १. | कर्णाली प्रदेश, आर्थिक मामिला तथा योजना मन्त्रालय | नगर कार्यपालिकाको कार्यालयको प्रशासकीय भवन निर्माण | १८,००,०००।० | |
| २. | नलगाड नगरपालिका जाजरकोट | नगर कार्यपालिकाको कार्यालयको प्रशासकीय भवन निर्माण | २६,००,०००।० | |
| | **जम्मा रु.** | | **४४,००,०००।०** | |

**निर्णय नं. १३:** यस नलगाड नगरपालिकामा आर्थिक वर्ष २०७७।७८ मा कार्यान्वयन हुने नेपाल जलवायु परिवर्तन नमुना कार्यक्रम नलगाड नगरपालिका वडा नं. ४ को घुवारा तथा पीपलचौरमा कार्यान्वयन गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. १४ :** नलगाड नगर कार्यपालिकाको प्रवक्ता श्री राममाया हमालको लागि कन्टिजेन्सी खर्चबाट रु. ३०,०००।० सम्मको मोवाईल सेट खरिद गर्ने निर्णय गरियो ।

टेक बहादुर रावल
नगर प्रमुख

**निर्णय नं. १५ :** नलगाड नगरपालिका वडा नं. ७ को प्राथमिक स्वास्थ्य केन्द्र दल्लीमा आईसोलेशन स्थापनाका लागि खरिद भएका वेडहरु नलगाड नगरपालिकाका प्रत्येक स्वास्थ्य संस्थाहरुमा एक एक वटाको दरले वितरण गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. १६ :** नलगाड नगरपालिकामा विभिन्न स्थानमा विद्युत सेवाको पहुँच पुर्‍याउन नलगाड नगरपालिका वडा नं. ४ को बागमारेखोला ल.ज.वि. आयोजनाबाट घुवारा हुदै सिस्नेरी, औल सीमासम्म विद्युत लाईन विस्तार गर्ने र उक्त लाईन विस्तारको लागि अवण्डा रकमबाट रु. ५००,०००।० पाँचलाख बजेट विनियोजन गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. १७:** वैकिंग कारोवार सम्वन्धी सेवालाई स्थानीय जनताको नजिकमा रहेर सेवा प्रवाह गर्नको लागि नलगाड नगरपालिकाको वडा नं. ७ दल्लीमा शाखा रहने गरी शाखा थपको लागि कृषि विकास वैंक लिमिटेडसँग अनुरोध गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. १८:** यस नलगाड नगरपालिकाको राहत वितरणमा सहज, व्यवस्थित तथा प्रभाकारी बनाउन राहत वितरण सम्वन्धी कार्यविधि, २०७७ को मस्यौदा तयारीको लागि स्वीकृत प्रदान गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. १९:** प्रयास परियोजना कार्यक्रमको आर्थिक सहयोगमा यस नलगाड नगरपालिकामा सञ्चालन हुने कोभिड-१९ विशेष कृषि तथा पशुपंक्षी विकास कार्यक्रम सञ्चालनको लागि अनुमति प्रदान गरी रु. ४६,५०,०००।० अक्षरुपी (छयालिस लाख पचास हजार) को बजेट तथा कार्यक्रम स्वीकृत प्रदान गरि कार्यान्वयन गर्ने सर्वसम्मत निर्णय गरियो ।

टेक बहादुर रावल

अधिकृत